आज मिति २०७७ साल आश्विन १९ गते सोमवारका दिन जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेलको अध्यक्षतामा COVID-19 नियन्त्रण तथा रोकथामको लागि गठीत जिल्लास्तरिय Crisis Management Center को बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

**उपस्थिति:**

| | | |
|---|---|---|
| क. प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेल, | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| ख. प्रमुख सेनानी श्री जितेन्द्र कुमार गौंली | श्री शेर गण, चोहर्वा | |
| ग. प्रहरी उपरिक्षक श्री उमाशंकर पँजियार | जिल्ला प्रहरी कार्यालय | |
| घ. सशस्त्र प्रहरी उपरिक्षक श्री दिपेन्द्र गिरी | सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण, हे.क्वा. | |
| ङ. उप. अनु. निर्देशक श्री तुलसीराम प्रसाँई | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| च. सहायक प्रमुख जिल्ला अधिकारी श्री अनुज भण्डारी, | जिल्ला प्रशासन कार्यालय | |
| छ. नि.जिल्ला समन्वय अधिकारी श्री शिवेन्द्र मण्डल, | जिल्ला समन्वय समिति | |
| ज. डा. सरोबेन्द कुमार मंडल | सिराहा अस्पताल | |
| झ. प्रमुख, श्री कृष्णदेव यादव, | स्वास्थ्य कार्यालय, सिराहा | |
| ञ. सभापति श्री राजदेव यादव, | नेपाल रेडक्रस सोसाइटी, जिल्ला समिति, सिराहा | |
| ट. प्रतिनिधि श्री देवकुमार यादव | पत्रकार महासंघ, जिल्ला कार्यसमिति | |
| ठ. अध्यक्ष श्री प्रमोद पोद्दार | उद्योग वाणिज्य संघ, सिराहा | |
| ड. अध्यक्ष श्री अशोक अमात्य | उद्योग वाणिज्य संघ, लहान, सिरहा । | |

**विशेष उपस्थिती(सल्लाहकार) :**

| | |
|---|---|
| समन्वय प्रमुख श्री रामचन्द्र ठाकुर | जिल्ला समन्वय समिति, सिरहा । |
| नगरप्रमुख श्री मुनी साह | लहान नगरपालिका । |
| नगरप्रमुख श्री धनलाल साह | गोलबजार नगरपालिका |
| अध्यक्ष श्री जागेश्वर यादव | विष्णुपुर गाउँपालिका । |
| शाखा अधिकृत श्री सुवोध कुमार लामा | सिरहा नगरपालिका । |

**निर्णयहरु :**

१. कोभिड १९ को संक्रमणलाई नियन्त्रण तथा रोकथाम सम्बन्धी विद्यमान व्यवस्थापनबारे बैठकमा छलफल भयो । यसमा जिल्लास्तरिय CCMCबाट मिति २०७७।०६।०१ र २०७७।०६।०९ मा भएको निर्णयको प्रभावकारी कार्यान्वयन एवंम ततसम्बन्धी दैनिक नियमित प्रतिवेदन गर्न सबै १७ वटै स्थानीय तहहरुलाई समेत पुनः अनुरोध गरी अनुगमन गर्ने गराउने ।

२. कोभिड १९ को रोकथाम तथा नियन्त्रण कार्यमा फ्रन्टलाईनमा खटिइएका सम्पुर्ण स्वास्थ्यकर्मीहरुको प्रभावकारी सुरक्षा व्यवस्था कायम गर्ने, सुरक्षाकर्मीहरुको मनोबल उच्च बनाउन तथा सुरक्षाकर्मीहरुको बसोबास, खाद्यान्न र स्वास्थ्य सुरक्षा उपकरणको समुचित प्रवन्ध मिलाउने र लकडाउनको अवधिमा हुनसक्ने सुरक्षा चुनौतिहरुलाई प्रभावकारीरुपमा समाधान गर्ने तर्फ सुदृढ तथा प्रभावकारी सुरक्षा व्यवस्थापन गर्ने । साथै कानुन विपरितको कार्य गर्ने जोकोहीलाई नियन्त्रणमा लिई कानुन बमोजिमको कारवाही गर्ने ।

३. सिराहा जिल्लामा कोभिड १९ को संक्रमण व्यवस्थापनको हालको अवस्था देहाय अनुरुप रहेको बैठकमा अवगत भयो ।

| जिल्ला सिरहा | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनवाट फर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनवाट फिर्ता गरिएको संखया | स्वाब संकलन गरिएका व्यक्तिको संयखा | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचार्थ | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु. | म. | ज. | | | | | | | | | |
| | ३० | ० | २० | १४०० | ६ | १ | ७ | ७६१८ | २०५ | ६४२ | ४० | ६८२ | ६३६ | १०६३६ | १०५७७ | १३३२ | ६८२ | ६३६ | १४ | ३५०० | |

४. गृह मन्त्रालयको च.नं. १०३१ मिति २०७७।०६।१५ गतेको जानकारी गराइएको सम्बन्धी पत्रमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पत्रबाट कोभिड १९ को महामारीको कारण अवरुद्ध शिक्षण सिकाईलाई निरन्तरता दिनका लागि नेपाल सरकार (म.पं.)को मिति २०७७।०६।०१ गतेको निर्णयबाट स्वीकृत विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७ तथा शिक्षा मन्त्रालयको मिति २०७७।०५।१० को निर्णयबाट स्वीकृत विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ को प्रतिहरु संलग्न गरी विद्यार्थीको सिकाइ सहजीकरण गर्ने गराउने कार्यमा जिल्ला प्रशासन कार्यालयहरुबाट आवश्यक सहजीकरण हुने व्यवस्थाका लागि मिति २०७७।०६।०६ को माननीय मन्त्रीस्तरको निर्णयानुसार अनुरोध भइ आएको उक्त कार्ययोजना र निर्देशिका जानकारीको लागि उल्लेख भएको सम्बन्धमा :

कोभिड १९ को विश्वव्यापी महामारीको अवस्थाले अवरुद्ध रहेको विद्यालयको नियमित पठनपाठन सुचारु गर्न नेपाल सरकार (म.पं.)को मिति २०७७।०६।०१ गतेको निर्णयबाट स्वीकृत **"विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना, २०७७"** र नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७।०५।१९ को माननीय मन्त्री स्तरीय निर्णय अनुसार स्वीकृत **"विद्यार्थी सिकाई सहजिकरण निर्देशिका, २०७७"** ले निर्दिष्ट गरेको परिधी र मापदण्ड भित्र रही निर्देशिका बमोजिम सबै स्थानीय तहहरुले आ-आफ्नो क्षेत्र भित्रका सम्पुर्ण शैक्षिक संस्थाहरुसँग कार्ययोजना माग गरी सोही कार्ययोजनाको आधारमा शैक्षिक संस्थाहरुले प्राप्त निर्देशिका र कार्ययोजना बमोजिम गर्न अनुरोध गर्ने । सो निर्देशिकाको मर्म विपरित कतीपय स्थानीयतहहरुले आआफ्नो स्थानीय तहका विद्यालयमा साबिकमा झै विद्यालय संचालन गरी पठन पाठन गराएको, बसबाट विद्यार्थी ओसार्ने गरेको देखिएको हुँदा त्यस्तो क्रियाकलाप नर्गन र निर्देशिकामा भएका शर्त अनुरुप बैकल्पिक शिक्षण सिकाई क्रियाकलाप गर्न गराउन सबै स्थानीइ तहहरुलाई जानकारी गराउने ।

५. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९ को संक्रमणलाई मध्यनजर गर्दै आउँदै गरेको २०७७ सालको वडादशैं तथा अन्य पर्वमा जिल्ला भित्रका सम्पुर्ण सार्वजनिक मठ मन्दिरहरुमा पशुपंक्षी वली नचढाउन तथा कुनैपनि भिडभाड हुने क्रियाकलाप नगर्न, प्रथा परम्परा धान्न संक्षिप्त क्षमा पुजा गर्नको लागि सरोकारवालाहरुलाई सूचना जारी गरी जानकारी गराउने र त्यस्ता क्रियाकलाप नर्गनको लागि स्थानीय तहहरुले प्रचार प्रसार अहिलेबाट नै गर्न अनुरोध गर्ने ।

६. मिति २०७७।०६।१० बाट २०७७।०६।२५ गते सम्म जारी निषेधाज्ञा आदेश अनुरुप जनस्वास्थ्य र सुरक्षाका मापदण्ड अवलम्वन गर्ने प्रवृत्तिमा कमी आएको देखिएको हुँदा सम्बन्धित स्थानीय तहका वडा अध्यक्ष, प्रहरी एवं व्यापारिक प्रतिनिधिले सघन रुपमा अनुगमन गर्न । पुन: सबै स्थानीय तह मार्फत जनाकारी दिने र जिल्ला प्रहरी कार्यालय एवंम सशस्त्र प्रहरी बल नेपाल समेतबाट नियमन गर्ने ।

७. गृह मन्त्रालयको च.नं. १०७० मिति २०७७।०६।१८ गतेको सार्वजनिक यातायात सञ्चालन निर्देशिका कार्यान्वयन तथा अनुगमन सम्बन्धी कोभिड १९ प्रकोपको अवधिभर "सार्वजनिक यातायात सञ्चालन निर्देशिका २०७७" को प्रभावकारी कार्यान्वयन तथा कोभिड १९ को संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न सार्वजनिक यातायात सञ्चालन तथा यात्रुहरुको व्यवस्थापनको लागि उक्त निर्देशिकाले निर्धारण गरे बमोजिमका मापदण्डहरु पालना भए/नभएको विषयमा अनुगमन समिति गठन गरी अनुगमन कार्यलाई व्यवस्थित बनाई कार्य सञ्चालनलाई सहज बनाउन । निर्देशिकाले निर्धारण गरे बमोजिमका मापदण्डहरु यातायात व्यवसायी/व्यवस्थापक/कम्पनीहरु, यातायात सेवामा कार्यरत सवारी

प्रमुख जिल्ला अधिकारी

चालक तथा सहचालक तथा सार्वजनिक यातायातमा सवार यात्रुहरुले पालन गरे/नगरेको सम्बन्धमा अनुगमन समिति गठन गरी अनुगमन गर्नुहुन भन्ने भएको सम्बन्धमा सार्वजनिक यातायात सञ्चालन निर्देशिका २०७७ बमोजिम तपसिलको अनुगमन समिति गठन गरी निर्देशिका बमोजिम भए नभएको अनुगमन कार्य प्रभावकारी रुपमा गर्नको लागि जिल्लास्थित सुरक्षा निकायहरुका साथै विशेष गरी ट्राफिक प्रहरी कार्यालय र यातायात व्यवस्था कार्यालय, लहानलाई निर्देशन दिने र कोभिड १९ प्रकोपको अवधिभर सार्वजनिक यातायात सञ्चालन निर्देशिकाको कार्यान्वयन गर्ने गराउने । साथै सो निर्देशिकाको विपरित क्रियाकलाप गर्ने जोकोहीलाई नियन्त्रणमा लिई कानुन बमोजिमको कारवाही गर्ने ।

"सार्वजनिक यातायात सञ्चालन निर्देशिका २०७७" को बारेमा सचेतना सम्बन्धी क्रियाकलाप संचालन गरी प्रचार प्रसार गर्नको लागि स्थानीय तह तथा सम्बन्धित यातायात व्यवसायीहरुलाई अनुरोध गर्ने ।

८. लामो समयसम्म ८ कक्षा देखि १२ कक्षा सम्मका विद्यार्थीहरुलाई विद्यालयको कक्षा कोठा शिक्षणमा सरिक नगराउँदा यस उमेर समुहका विद्यार्थीहरुमा शारिरिक र मानसिक परिवर्तन हुने अवस्थामा नकारात्मक बानीमा समेत वृद्धि हुन सक्ने अवस्थालाई अन्त्य गर्न कक्षा कोठा बसमा दुरी कायम गरी स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्ने शर्त स्वीकृत गर्न र अनुगमन गर्ने कार्ययोजना समेत सम्बन्धित स्थानीय तहले गर्ने गरी नीतिगत व्यवस्था हुन नेपाल सरकार/CCMCमा अनुरोध गर्ने ।

प्रमुख जिल्ला अधिकारी